# नागरिक वक्तव्य

मिति: २०८२ भाद्र २६

देशमा व्याप्त बेथिति, कुशासन, भ्रष्टाचार र वाक्-अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्दै लगाइएको सामाजिक सञ्जालमाथिको प्रतिबन्धका विरोधमा यही भदौ २३ गते सुरु भएको 'जेन-जी' आन्दोलनका क्रममा राज्य पक्षबाट गरिएको अनावश्यक दमन, नृशंसता प्रदर्शन र त्यस क्रममा भएको दर्जनौँ नागरिकको हत्याको हामी घोर भर्त्सना र निन्दा गर्दछौँ । यस आन्दोलनमा आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण आन्दोलनकारीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै यथाशीघ्र आवश्यक र निःशुल्क उपचारको माग गर्दछौँ ।

भ्रष्टाचारको अन्त्य, सुशासन र अभिव्यक्ति स्वतन्त्रता जस्ता उचित र सामयिक माग राखी सुरु भएको शान्तिपूर्ण आन्दोलन केही समयमै हिंसात्मक हुन पुग्यो । भदौ २४ गतेसम्म आइपुग्दा प्रतिक्रियावादी र प्रतिगामी शक्ति र कतिपय राजनैतिक दल सम्बद्ध व्यक्ति समेतका घुसपैठका कारण अराजक र नियन्त्रणबाहिर गएको देखिन्छ । यसका साथै,यसमा स्वतन्त्र भन्ने मुकुन्डो भिरेर सामाजिक सञ्जाल मार्फत भिडमा उत्तेजना फैलाउने लोकरिझ्याइँवादीहरुको सङ्गठित प्रयत्न पनि उत्तिकै जिम्मेवार रहेको छ ।यी तथ्यहरूलाई स्वयं जेन जी नेतृत्वले समेत स्विकार गरेको छ । हामी यी २ दिनमा भएका बर्बर दमन र ध्वंसात्मक अराजकताको स्वतन्त्र, निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको माग गर्दछौँ ।

प्रधानमन्त्रीको राजीनामा, राज्यका सबैजसो प्रमुख निकायहरू माथिको आगजनी र एक हिसाबले राज्यहीनता पैदा भएको यो परिस्थितिमा भदौ २४ गते राती १० बजे देखी सेना परिचालित भएको अवस्था छ । मुलुकको यस्तो महासङ्कटको बेला शान्ति बहाल गर्न, देशको सम्पत्ति थप नष्ट हुनबाट रोक्न र देशद्रोही तत्त्वबाट देश जोगाउन, आन्तरिक सुरक्षाका अन्य निकाय प्रभावहीन भएको अवस्थामा देशको अखण्डता, स्वाभिमान र नेपाली जनतामा निहित सार्वभौमसत्ताको सम्मान गर्दै सहजीकरण गर्न नेपाली सेनाको भूमिकाको अपेक्षा गरिएको तथ्य जगजाहेर छ । सेनाले यो कठिन घडीमा सुरक्षाको प्रत्याभूति दिन गरेको प्रयत्नले आम नागरिकको विश्वास र आदर पाउन सफल भएको छ । तर राष्ट्रपतिले राष्ट्रलाई सम्बोधन गर्नु पर्नेमा प्रधानसेनापतिमार्फत त्यस्तो सन्देश आएकोमा हामी अचम्मित भएका छौ र यो कदम संविधानसम्मत नभएको हामी ठान्दछौँ । तथापि अहिलेको सङ्कटको समाधानमा नेपाली सेनाको सक्रियताले लोकतन्त्र र गणतन्त्र लाई नै सबल बनाउने विश्वास हामीले लिएका छौँ । त्यसकारण, नेपाली सेनाले विगतमा गरेको पेसागत व्यवसायिकताको प्रतिबद्धतालाई स्मरण गराउँदै कुनै पनि मूल्यमा नागरिक सर्वोच्चता र विधिको शासन अन्तर्गत नै रही यो सङ्कटबाट देशलाई पार लगाउनु पर्छ भन्ने पक्षमा हाम्रो दृढ विश्वास रहेको कुरा यहाँ व्यक्त गर्न चाहन्छौँ ।

यो आन्दोलन नेपालको इतिहासमा नेपाली जनताले गरेका विभिन्न आन्दोलन, सङ्घर्ष र बलिदानीबाट प्राप्त उपलब्धिको जगमा उभिएको हो । त्यसैले आजसम्म प्राप्त उपलब्धिहरू जोगाउँदै थप प्रगतिशीलता तर्फ उन्मुख हुने बाटो नै आजको राजनीतिक सङ्कटको सही निकास हो । तर, अहिलेको सङ्कटको समयमा प्रतिगामी शक्तिका गतिविधिहरू बाट हामी सतर्क र सजग रहनु जरुरी छ । सङ्कटको यो परिस्थितिमा समेत 'जेन-जी' पुस्ताले लोकतन्त्रका आधारभूत मूल्य र मान्यताहरू आत्मसात् गरेको र त्यसलाई अक्षुण्ण राख्न प्रतिबद्ध रहेको यो सन्दर्भमा नेपालको वर्तमान संविधानले व्यवस्था गरेको लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता र समाजवाद उन्मुखता जस्ता आधारभूत प्रस्तावनाहरूलाई कुनै हानी नपुर्‍याई राज्य संयन्त्रको सहयोगमा नेपाली जनताको प्रतिनिधि संस्थाको रूपमा रहेका संविधानको संरक्षक राष्ट्रपतिले नै सङ्कट समाधानको पहलकदमी लिनु अपरिहार्य छ । साथै नेपाली जनताले चुनेको प्रतिनिधिमूलक वैधानिक संस्था संसद रहेको हुँदा यो सङ्कटको निकास पनि संविधानसम्मत प्रक्रिया मार्फत हुनुपर्छ भन्ने हाम्रो अडान रहेको पनि आम जनमानसलाई जानकारी गराउन चाहन्छौँ ।

हस्ताक्षरकर्ताहरू:

१. अंकित खनाल
२. अन्शु खनाल, गोरखा
३. अनुपमा पौडेल
४. अमिना सिंह
५. अपेक्षा पौडेल
६. अस्मिता वादी
७. अवन्तिका घर्ति मगर, रुपन्देही
८. अभिसेक श्रेष्ठ
९. अमिर दर्पण
१०. अमृत बिक, बाग्लुङ
११. अजय नेपाली, पर्वत
१२. अरुण उप्रेती, काभ्रे
१३. आभा क्षेत्री
१४. आरती आचार्य
१५. आदित्य रसाइली, मुस्ताङ
१६. आयुष कार्की, म्याग्दी
१७. इन्दिरा दली
१८. इरा श्रेष्ठ
१९. उपमा लामा, हेटौडा
२०. उमा बुढाथोकी
२१. उषा तिथीक्षु
२२. एलिसा एकलाश
२३. कपिल चौलागाईं
२४. करुणा पराजुली
२५. कामना गिरी, दाङ
२६. कुमार उपाध्याय
२७. केशर विश्वकर्मा, अछाम
२८. कृष्ण सुनुवार
२९. खगेन्द्र सङ्ग्रौला
३०. गौरव भण्डारी
३१. गुणराज सारु मगर
३२. गीता क्षेत्री
३३. घनश्याम अस्तित्व
३४. घनश्याम शर्मा पौडेल
३५. जगन्नाथ लामिछने
३६. जेबी विश्वकर्मा
३७. ज्योतिलाल बन
३८. ज्वालामुखी लामिछाने
३९. डा. मीना पौडेल
४०. दिनेश पन्त, कञ्चनपुर
४१. दिनेश वि.क.
४२. दीपा धिताल
४३. तिलक विश्वकर्मा, रोल्पा
४४. तुलसी गान्धरी गैरे
४५. तुलसी शर्मा, पाल्पा
४६. तुलसीदास महर्जन
४७. धना परियार, दैलेख
४८. धर्मराज रिमाल
४९. नवीन प्राचीन
५०. नवीन तिवारी
५१. नन्द कुमार प्रसाईं
५२. नारायण ढकाल
५३. नारायण शर्मा
५४. निनु चापागाईं
५५. निर्ग नवीन
५६. नीतिका कठायत, कैलाली
५७. नुमा चेम्जोङ्ग, मोरंग
५८. पवन
५९. पवित्र आले मगर
६०. पुस्कर गौतम
६१. पुस्कर काफ्ले
६२. पुनम पाल्पाली, डडेलधुरा
६३. पुष्प दर्जी
६४. पूर्ण बहादुर शाही
६५. पेशल खतिवडा, ओखलढुंगा
६६. प्रज्ञान सुवेदी
६७. प्रणिका कोयू
६८. प्रणेता
६९. प्रदीप नेपाल, ओखलढुंगा
७०. प्रकाश देवकोटा
७१. प्रतीक कार्की, खोटाङ
७२. प्रह्लाद कुमार भट्ट
७३. भावना घिमिरे
७४. भावना क्षेत्री तामाङ
७५. भुमिका थारु
७६. भुमिनन्दन देवकोटा
७७. भोगीराज चामलिङ
७८. मधूसुदन भुसाल
७९. महादीप पोख्रेल
८०. मनोज लोहार
८१. मित्रलाल पंगेनी
८२. मुकुन्द जोशी
८३. मुना नेपाली
८४. मेदिनी खरेल
८५. युग पाठक
८६. रमेश नेपाली, सुर्खेत
८७. राजेन्द्र खरेल
८८. राजेश नेपाली
८९. राममणि पोखरेल
९०. रेणुका सुर्य
९१. रोशन तामाङ, धादिङ
९२. रोहित बास्तोला
९३. लक्ष्मी कुमारी कार्की, पर्वत
९४. लक्ष्मी श्रेष्ठ
९५. लीलामणि पोखरेल
९६. वर्षा लुइंटेल, काठमाण्डौ
९७. विकास कामी
९८. विदुषी ढुङ्गेल
९९. विनोद लोहनी
१००. विविना लामिछाने
१०१. विष्णु अधिकारी, गुल्मी
१०२. विष्णु सिर्पाली, गुल्मी
१०३. शान्ति तिवारी
१०४. शरद पौडेल
१०५. शरद वन्त
१०६. श्रवण गौतम, काठमाडौँ
१०७. श्याम श्रेष्ठ
१०८. शिशिर विश्वकर्मा, कञ्चनपुर
१०९. शुशिला शर्मा
११०. शशीकला खड्का, तेह्रथुम
१११. संस्कृति
११२. सन्जोग ठकुरी
११३. सन्ध्या रतन, कपिलबस्तु
११४. सन्ध्या श्रेष्ठ
११५. सन्तोष भण्डारी
११६. सम्पदा रिजाल
११७. समीर विक्रम थापा
११८. सरिता देवी भण्डारी, पर्वत
११९. सचिन भुर्तेल, बर्दिया
१२०. सबिता भट्ट
१२१. सलन बस्नेत, सोलुखुम्बु
१२२. सञ्जय गुरुङ
१२३. सन्देश परियार, कास्की
१२४. सपना भुलुन, हेटौडा
१२५. सागर शिवाकोटी
१२६. समशेर, धादिङ
१२७. साया किरण
१२८. सिर्जना पुन र महिलाका लागि महिला मंच राष्ट्रिय सञ्जाल, नेपाल, काठमाण्डौ
१२९. सुनिल आचार्य
१३०. सुमिना
१३१. सुवास बस्नेत
१३२. सुदन चापागाईं
१३३. सुष्मा बराइली, पर्वत
१३४. सौगात ढकाल, भोजपुर
१३५. हिमांशु
१३६. हिमाल चन्द्र
१३७. हेमराज दहाल
१३८. नरहरि आचार्य
१३९. राधेश्याम अधिकारी
१४०. चरण प्रसाईं
१४१. राजु चापागाइ
१४२. मोहना अनसारी
१४३. इन्द्र प्रसाद अर्याल
१४४. भावना राई
१४५. दुर्गा तिमल्सिना
१४६. भगवती दाहाल
१४७. प्रमेश पोखरेल, गुल्मी
१४८. सुशील नेपाली, सिन्धुपाल्चोक
१४९. आदर्श घतानी
१५०. प्रकृति गिरी, झापा
१५१. अशेष घिमिरे
१५२. मिलन राई
१५३. फूलमति
१५४. बन्धु बिक्रम क्षेत्री
१५५. गोविन्द भण्डारा
१५६. दुर्गा खत्री
१५७. युवराज भट्टराई
१५८. यादव देवकोटा
१५९. दिवाकर पोख्रेल, चितवन
१६०. नरेश ज्ञवाली
१६१. आमोद नेपाल
१६२. रमेश उपाध्यय
१६३ .सुदाम लामिछाने
१६४. प्रदीप नेपाल
१६५. रेवेल सन्दिप
१६६. अब्दुल हुसेन खान (कोहलपुर )
१६७. डा शिशिर भण्डारी
१६८. अरुणा पराजुली